# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४७।१०।१८ को निर्णयानुसार विशेष प्रहरी विभागका का.मु. मुख्य अधिकृत श्री जीतबहादुर मानन्धरलाई निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सचिव पदमा का.मु. मुकरर गरेको छ।

आज्ञाले,
दामोदरप्रसाद गौतम
श्री ५ को सरकारको मुख्य सचिव

### सूचना २

निर्माण तथा यातायात मन्त्रालयका कायम मुकायम सचिव श्री पृथुनरसिंह राणा बिदामा बस्नुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा श्री ५ को सरकारले निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही मन्त्रालयका अतिरिक्त सचिव श्री मदनमान अमात्यलाई मिति २०४७।११।१४ देखि का.मु. मुकरर गरेको छ।

### सूचना ३

श्री ५ को सरकारले निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी जलश्रोत मन्त्रालयको अतिरिक्त सचिव श्री माधवराज भण्डारीलाई मिति २०४७।११।६ को निर्णयानुसार पर्यटन मन्त्रालयको सचिव पदमा कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
नरसिंहनारायण सिंह
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।